यस व्यास नगरपालिकाको १६२ औं बैठक आज मिति २०७९/१२/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ उ | पस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास ८ | श्री विष्णुमाया राना | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: सम्मानीय राष्ट्रपतिज्यूलाई बधाई ज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२: २०७९/११/२३ को कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३: कार्यविधि संशोधन एवं पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: प्रस्तावित कार्यविधिहरु अध्ययनका लागि पेश गरिएको सम्बन्धमा ।
प्रस्ताव नं.५: फोहोरमैला घर-घरबाट छनौट गरी व्यवस्थापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६: नगरपालिका भित्रका अव्यवस्थित ग्यारेज व्यवस्थापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: व्यास १४ केशवटारमा प्रहरी कार्यालय सञ्चालन गर्न भवन उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.८: दोश्रो चौमासिक सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: वैरेनी जग्गा विकास आयोजनाको सुभारम्भ गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: सहकारी मार्फत खसी/बोका र दुध विकी अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.११: गाई, भैंसी, बाखा, बंगुर, सुगुर प्रवर्द्धन अनुदान वितरण सम्बन्धमा ।
प्रस्ताव नं.१२: श्री बालकल्याण प्रा.वि. शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१३: मानहुँडाँडा लिफ्टिङ्ग खानेपानी मुल व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४: अपाङ्गता सहयोग रकम व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१५: वित्तिय हस्तान्तरण अन्तर्गत गण्डकी प्रदेश सरकार समक्ष योजना माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: जग्गा व्यवस्थापन योजनामा कार्यरत कार्यालय सहयोगीको पारीश्रमिक सम्बन्धमा ।
प्रस्ताव नं.१७: बैरेनी जग्गा विकास आयोजनाको कार्यालय सञ्चालन खर्च सम्बन्धमा ।
प्रस्ताव नं.१८: राजिनामा गरी सेवा निबृत्त हुनु भएका कर्मचारीलाई धन्यवाद सम्बन्धमा ।
प्रस्ताव नं.१९: नगरपालिकाको आय, खर्च एवं योजना सञ्चालनको अवस्था सम्बन्धमा ।
प्रस्ताव नं.२०: आ.व. २०७८/०७९ को प्रारम्भिक लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.२१: फोहोरमैला विसर्जन व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२२: अत्यावश्यक कार्यमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२३: सर्भेक्षक सेवा पदपूर्ति समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२४: स्वास्थ्य सेवा तर्फका करार कर्मचारी नियुक्ति गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२५: पुस्तक छपाई सम्बन्धमा ।
प्रस्ताव नं.२६: व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा कार्यक्रममा खटिएका कर्मचारीहरुको पारीश्रमिक साझेदारी सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं.१: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यसै व्यास नगरपालिका वडा नं.८ बाहुनपोखरा जन्मनुभई नेपालको लोकतान्त्रिक आन्दोलनमा निष्ठापूर्वक निरन्तर लागिरहनु भएका हाल तनहुँ क्षेत्र नं. १ बाट संघीय व्यवस्थापिकामा निर्वाचित माननीय श्री रामचन्द्र पौडेलज्यू नेपालको राष्ट्र प्रमुख जस्तो गरिमामय पदमा २०७९/११/२५ गते भएको निर्वाचनमा निर्वाचित भई राष्ट्रपति हुनु भएकोमा यो बैठक गौरव गर्दछ र हार्दिक बधाईका साथ वहाँको सफल कार्यकालको कामना गर्ने निर्णय गर्दछ ।

निर्णय नं.२: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/११/२३ मा भएको कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गर्ने निर्णय गरियो ।

निर्णय नं.३: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगर शिक्षा नियमावली, २०७६ लाई पाँचौं संशोधन प्रस्ताव २०७९ र स्थानीय पाठ्यक्रम निर्माण कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विज्ञापन कर निर्देशिका, २०७९ र पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन, २०७९ अध्ययन गरी आगामी बैठकमा संशोधन भएमा संशोधन सहित प्रस्ताव पेश गर्न बैठकमा मस्यौदा प्रति पेश गरियो ।

निर्णय नं.५: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको फोहोरमैलालाई व्यवस्थित गर्न घर-घरबाटै छनौट प्रकृयालाई कडाईका साथ लागू गर्न श्री कृष्ण भण्डारीबाट गरिएको प्रस्तुतीकरणबाट जानकारी भयो । नियमानुसार खरिद प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.६: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र अव्यवस्थित रुपमा रहेका मोटर, मोटरसाइकल ग्यारेजलाई व्यास नगरपालिका वडा नं. १, २, ३, ४, ५, १० र ११ भित्रमा कुनै ठाउँमा जग्गा भाडामा लिएर व्यवस्थित गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.७: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा हालसालै यस जिल्लामा सरुवा भई आउनु भएका जिल्ला प्रहरी प्रमुख श्री अवदेश विष्टसँग नगरको शान्ती सुरक्षा विषयमा अन्तरकृया गरी व्यास नगरपालिका वडा नं. १४ केशवटारमा रहेको कृषि केन्द्रको खाली पक्की भवनमा प्रहरी चौकी छाब्दीको कार्यालय व्यवस्थापन गर्न जिल्ला प्रहरी कार्यालय तनहुँलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.८: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विभिन्न गतिविधिहरुको दोश्रो चौमासिक सुनुवाई वडा नं. ६, ७, ८, ९, १०, १२ र १४ को वडा कार्यालयमा चैत्र महिनाभित्र सार्वजनिक सुनुवाई कार्यक्रम गर्न सम्बन्धित वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै सम्बन्धित वडाका विकास योजनाको प्रगती, समस्या समेतको प्रतिवेदनमा समेत सार्वजनिक सुनुवाईको आन्तरिक व्यवस्थापन गर्न आ.ले.प. प्रमुख श्री कुमार कंचन जि.सी., अधिकृत छैटौं श्री भेषराज तिवारी र सम्बन्धित वडा सचिवलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.९: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्थित बैरेनी जग्गा विकास योजनाको निर्माण कार्यको सुभारम्भ एवं भुमी पूजन गर्ने कार्य २०७९/१२/९ गते बिहान ७:३० बजे गर्ने निर्णय गरियो ।

निर्णय नं.१०: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपापालिकाको नीति कार्यक्रम अनुसार सहकारी मार्फत विक्री हुने दुधको अनुदान वितरण बजेट शिर्षक नं. २२३ र खसी/बोका विक्रीमा दिइने अनुदान बजेट शिर्षक नं. २२४ बाट निम्नानुसार सम्बन्धित सहकारीलाई भुक्तानी दिने निर्णय गरियो ।

(क) दुध तर्फको अनुदान शिर्षक नं. २२३ :

| क.सं. | सहकारी संस्थाको नाम, ठेगाना | दुध संकलन परिमाण (लि.) | अनुदान रकम रू. |
|---|---|---|---|
| १. | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था लि. व्यास १० दुम्सी | २,७६,८९८.२ | २,७६,८९८.२ |
| २. | वेलबास दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १३ | १,९५,३८३.१ | १,९५,३८३.१ |
| ३. | सेवर दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १० | ६२,६५४.४ | ६२,६५४.४ |
| ४. | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास ५ | १,०५,५५१.६ | १,०५,५५१.६ |
| ५. | पोखरीभञ्ज्याङ्ग दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १३ | ४८,१०९.५ | ४८,१०९.५ |
| ६. | चारकुने दुग्ध सहकारी संस्था लि., व्यास १ | ४१,७९८.३ | ४१,७९८.३ |
| | जम्मा : | | ७,३०,३९४.८५ |

(ख) खसी/बोका बिक्री तर्फ अनुदान शिर्षक नं.२२४

| क.सं. | सहकारी संस्थाको नाम, ठेगाना | दुध संकलन परिमाण (लि.) | अनुदान रकम रू. |
|---|---|---|---|
| १. | शुभदीप सामाजिक उद्यमी महिला सहकारी संस्था लि., व्यास ८ | ९,६४८ | ९६,४८०/- |

| | | | |
|---|---|---|---|
| २. | आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था लि., व्यास १३ | ४,०८६ | ४०,८६०/- |
| जम्मा | | १३,७३४ | १,३७,३४०/- |

निर्णय नं.११: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा बार्षिक बजेट शिर्षक नं. २२६ अन्तर्गत ५०% अनुदान वितरण गरिने गाई, भैंसी, बाखा, बंगुर प्रवर्द्धन अन्तर्गत आर्थिक समितिले सिफारिस गरे बमोजिम निम्नानुसार वितरण गर्ने निर्णय गरियो ।

(क) बाखा प्रवर्द्धन तर्फ : जम्मा अनुदान रू.७,००,०००/-

| क्र.सं. | फार्मको नाम | ठेगाना | सञ्चालकको नाम | सम्पर्क नं. | अनुदान रकम रू. |
|---|---|---|---|---|---|
| १. | भ्फोर्ले कृषि तथा पशु फार्म | व्यास ५ सेराटोल | मधुमाया थापा | ९८१९११७२३७ | ५०,०००/- |
| २. | शुभलक्ष्मी एग्रो फार्म | व्यास ६, क्रियापानी | सम्झना श्रेष्ठ | ९८५६०२७५७७ | ५०,०००/- |
| ३. | अंकित बाखा फार्म | व्यास ६, बादी | बिनुमाया कमर | ९८१६६०९६१० | ५०,०००/- |
| ४. | काफ्ले कृषि तथा पशु फार्म | व्यास ६, शान्तिटोल | रिमकला काफ्ले | ९८४०१८६५६० | ५०,०००/- |
| ५. | हमाल बाखा फार्म | व्यास ६, देउराली | गोमा हमाल | ९८४२२६६१४३ | ५०,०००/- |
| ६. | छाया कृषि तथा पशु फार्म | व्यास ८, जलेश्वर | प्रमोद बावु तिमल्सेना | ९८०१०४२००८ | ५०,०००/- |
| ७. | उत्तम कृषि तथा पशु फार्म | व्यास ९, झिनुवाटार | बिनिता रायमाझी | ९८४१०७६६६१ | ५०,०००/- |
| ८. | पि.के. कृषि तथा पशु फार्म | व्यास १० अँधेरीभञ्ज्याङ्ग | सरिता कुमाल | ९८१११९४६०३ | ५०,०००/- |
| ९. | जुनु बाखा फार्म | व्यास ११, दरैगाउँ | जुनुमाया दरै | ९८०६६७१८३८ | ५०,०००/- |
| १०. | मैयादेवी कृषि तथा पशु फार्म | व्यास ११, मुलपानी | गुडु थापा मगर | ९८१६६३५५४९ | ५०,०००/- |
| ११. | शिशिर कृषि तथा पशु फार्म | व्यास ११ निर्बु | शेरबहादुर थापा | ९८०३९९६००१ | ५०,०००/- |
| १२. | विजय कृषि तथा पशु फार्म | व्यास १२, गोल्ला | विजय सुनार | ९८०६७७१७१९ | ५०,०००/- |
| १३. | पुलामी कृषि तथा पशु फार्म | व्यास १४, रुम्सी | नारनसिं थापा | ९८०६५४२७६५ | ५०,०००/- |
| १४. | मास्दीघाट कृषि तथा पशुपालन | व्यास १४ मास्दीघाट | एलिना थापा मगर | ९८६६००१४६१ | ५०,०००/- |

(ख) गाई, भैंसी प्रवर्द्धन तर्फ : अनुदान रकम रू.३,७५,०००/-

| क्र.सं. | फार्मको नाम | ठेगाना | सञ्चालकको नाम | सम्पर्क नं. | अनुदान रकम रू. |
|---|---|---|---|---|---|
| १. | बसौला गाई फार्म | व्यास १, मोहरियाटार | नमराज बसौला | ९८१७११६९७३ | ५०,०००/- |
| २. | साँखी गाई फार्म | व्यास १०, गणेशटोल | दुर्गा प्रसाद साँखी | ९८१६६४५२३९ | ५०,०००/- |
| ३. | सोनाक्षी कृषि तथा पशु फार्म | व्यास १०, मंगलीगैह्रा | सञ्जु नेपाली | ९८४६९१२०३५ | ५०,०००/- |
| ४. | पौडेल कृषि फार्म | व्यास ११ | जानुका पौडेल | ९८४६४९९२९२ | ५०,०००/- |
| ५. | छाब्दी फुर्लुङ्गे कृषि फार्म | व्यास १२, छाब्दी | कृष्ण बहादुर वि.क. | ९८४६०९१५८० | ५०,०००/- |
| ६. | सुभाष सुप्रिया कृषि तथा पशु फार्म | व्यास १३, वेलबास | जुना कुमारी राना | ९८१९१५२९९३ | ५०,०००/- |
| ७. | बराल गाईपालन | व्यास १३, आसापानी | रञ्जना बराल | ९८४६९११५७० | ५०,०००/- |

(ग) बंगुर/सुँगर प्रवर्द्धन तर्फ : अनुदान रकम रू.४,२५,०००/-

| क्र.सं. | फार्मको नाम | ठेगाना | सञ्चालकको नाम | सम्पर्क नं. | अनुदान रकम रू. |
|---|---|---|---|---|---|
| १. | ए एन्ड ए उपरकोटी बंगुर फार्म | व्यास १२, कर्लुङ्गटोल | राम बहादुर नेपाली | ९८०८८४०७६७ | ७५,०००/- |
| २. | आफन्त बंगुर फार्म | व्यास १, धुपखोल | हरिमाया आले | ९८०५८००२३२ | ५०,०००/- |
| ३. | रिस्ती मादी कृषि तथा पशु फार्म | व्यास ७, खर्कटोल | तिर्थराज भण्डारी | ९८१४१३८९९५ | ५०,०००/- |
| ४. | पाँच भाई कृषि तथा पशु फार्म | व्यास १०, कलामीडाँडा | ममता दुर | ९८१४१५९८९३ | ५०,०००/- |
| ५. | मनिष सुंगुर फार्म | व्यास ११, मिलनटार | सुमित्रा सुनार | ९८१४१८३४७२ | ५०,०००/- |
| ६. | सुहारा कृषि तथ पशु फार्म | व्यास १२, देउराली | चिनीमाया विश्वकर्मा | ९८१८०७२७२२ | ५०,०००/- |
| ७. | दरै बंगुर फार्म | व्यास १३, छाब्दी | किसान दरै | ९८०६७७१९३५ | ५०,०००/- |
| ८. | सोनाम बंगुर फार्म | व्यास १४, कुलुङ्ग | नानीमाया आले | ९८१४११७३८५ | ५०,०००/- |

निर्णय नं.१२: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १३ अन्तर्गत बाल कल्याण प्रा.वि. मा दरबन्दीको अभाव रही शिक्षक व्यवस्थापन गर्नका लागि वडाको सिफारिस प्राप्त

भएकाले वडा नं.१३ बाट विनियोजित शिर्षक नं.१७९ बाट खर्च हुने गरी रू.२,००,०००। (दुई लाख) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा संघीय बजेटको विशेष योजना अन्तर्गत व्यास ५ मानुङडाँडा लिफ्टिङ्ग खानेपानी योजनाको लागि वडा नं. ५ को फासुर्दी पानी मुलबाट पानी व्यवस्थापन गर्ने गरी वडाको सिफारिस बमोजिम योजना अघि बढाउन पूर्वाधार तथा योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका विभिन्न अपाङ्गता व्यक्तिहरुलाई संघीय बजेटबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता बाहेक अन्य श्रेणीका अपाङ्गता प्रोत्साहनका लागि बजेट शिर्षक नं. २०७ मा रू.९,००,०००। (नौ लाख) विनियोजन भएकोमा प्रति अपाङ्गता भएका व्यक्तिलाई बार्षिक रू.४,०००। (चार हजार) प्रोत्साहन रकम वितरण गर्दा सो रकमले नपुग हुने देखिएकाले बजेट शिर्षक नं.२०६ बाट खर्च हुने गरी रू.१,५०,०००। (एक लाख पचास हजार) थप गर्ने निर्णय गरियो ।

निर्णय नं.१५: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम प्रदेश सरकारले प्रत्येक स्थानीय तहलाई दिइने सशर्त, समपुरक र विशेष अनुदानका लागि बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ बमोजिम आ.व. २०८०/०८१ का लागि निम्न योजनाहरुको २०७९ चैत्र मसान्तभित्र प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

(क) समपुरक योजना :
(१) दमौली-केशवटार मार्ग वडा नं.१३, १४
(२) शहिद कालिका मार्ग वडा नं.७, ८
(३) माहेन्द्री मार्ग वडा नं.५, ६

(ख) विशेष अनुदान:
(१) नयाँबस्ती रत्नटोल खानेपानी योजना, व्यास १०
(२) नरङ्गा सिमलटार-कलेस्ती खानेपानी योजना, व्यास ७
(३) गजौडे-रुधेखोला खानेपानी योजना, व्यास ९

(ग) अत्यावश्यक मोटर पुल:
(१) बुद्धसिंह मार्गको छाब्दी खोला पुल, वडा नं. १, १३
(२) माहेन्द्री मार्गमा पर्ने मदीखोला पुल, वडा नं. ६
(३) गजौडे-कलेस्तीखोला पुल, वडा नं. ९
(४) बुल्दीखोला-घाँसीकुवा जोड्ने पुल, वडा नं. १२-११

निर्णय नं.१६: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा बैरेनी जग्गा विकास आयोजनामा कार्यरत कार्यालय सहयोगीको मासिक तलव रू.११,५००। मात्र रहेकाले उक्त तलव न्यूनतम पारीश्रमिक भन्दा कम भएकाले २०७९ चैत्र महिना देखि लागू हुने गरी रू.१५,०००। (पन्ध्र हजार) मासिक तलव बृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा जग्गा विकास आयोजना बैरेनीमा सञ्चालित कार्यालयका लागि नियमित बस्नुपर्ने बैठकक लागि चिया, खाजा खर्च मासिक रू.१०,०००। (दश हजार) नबढ्ने गरी २०७९ चैत्र महिना देखि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१८: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्वीकृत दरबन्दीको हाल शाखा अधिकृत छैटौं पदमा कार्यरत श्री मेघनाथ आचार्यबाट पेश भएको स्वेच्छिक अवकाश मिति २०७९/१२/१ गते स्वीकृत भई उपदान रकम भुक्तानी दिने सम्बन्धमा व्यास न.पा.को एघारौं नगरपरिषद्बाट पारित व्यास नगरपालिका कर्मचारी प्रशासन सम्बन्धी विनियम, २०५८ को नियम ९.३ (क) १.२ बमोजिम भई मिति २०५३/१/४ देखि २०५३/९/१२ सम्मको सेवा अवधि स्थायी सेवा अवधिमा

जोडाउने निर्णय अनुसार २०५३/१/४ देखि राजिनामा स्वीकृत मितिसम्मको कूल समय २६.९ बर्षको सम्पूर्ण घरबिदा, बिरामी बिदा र उपदान वापत पाउने कूल रकममा कर नलाग्ने रकम घटाई बाँकी रकममा ५% पारीश्रमिक कर कट्टी गरी दिईएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । साथै शाखा अधिकृत श्री मेघनाथ आचार्य र करार सेवाका अधिकृत श्री विमल गिरीले आफ्नो पदबाट स्वेच्छिक रुपमा राजिनामा दिई बिदाई हुनु भएकाले वहाँहरुलाई यस कार्यालयमा रहँदा पुऱ्याउनु भएको सेवाका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१९: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाले आ.व.२०७९/०८० का लागि अनुमानित गरेको रू.२२,६०,००,०००। (बाइस करोड साठी लाख) मध्ये २०७९ फाल्गुण मसान्तसम्म रू.८,८४,८६,९१९।२७ (आठ करोड चौरासी लाख छ्यासी हजार नौसय उन्नाइस रुपैया सत्ताइस पैसा) आय भएको, कुल ११२२ योजना मध्ये ४०२ सम्पन्न भएको, ५६२ सम्झौता भएको, १५७ सम्झौता हुन बाँकी रहेको, १ सूचना प्रकाशन भएको, चालु तर्फ ४७%, पूँजिगत तर्फ २०% खर्च भई कुल बजेटमा ३४% खर्च प्रतिशत रहेको, संघीय सरकारबाट ५४%, प्रदेश सरकारबाट ५०%, राजश्व बाँडफाँडबाट २६%, आन्तरिक श्रोतबाट २७% मात्र आम्दानी रहेको विवरण बैठकमा जानकारी गराइयो । वेरुजु रकम घटाउन आवश्यक निर्णय लिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२०: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा आ.व.२०७८/०७९ को महालेखा परीक्षक कार्यालयबाट भएको लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदन बैठकमा जानकारी प्राप्त भयो ।

निर्णय नं.२१: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको फोहोरमैला विगत २ बर्ष देखि व्यास नगरपालिका वडा नं. १३ को बेनीकोट सामुदायिक वन क्षेत्र बुद्धसिंह मार्ग तल फुटेको ढुङ्गा क्षेत्रमा विसर्जन गर्दै आएकोमा उक्त क्षेत्रमा आगलागी भई आगो निभाउने प्रयास भईरहेको, धुँवाका कारणले उक्त मार्ग नजिकका बस्तीहरु प्रदुषित भएको, बेनीकोट सामुदायिक वनले बैकल्पिक स्थानमा फोहोरमैला विसर्जन गर्न अनुरोध गरी आएकोले उक्त सामुदायिक वन अन्तर्गतका वडाबासीलाई सहयोगका लागि धन्यवाद दिदै फोहोरमैला विसर्जनको बैकल्पिक स्थान खोज्ने र बैकल्पिक स्थानको व्यवस्थापन नहुँदासम्म सोही क्षेत्रमा फोहोरमैला विसर्जन गर्न सहजीकरणका लागि सम्बन्धित पक्षसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२२: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | फाकी खोल्सी मुसेखोला खानेपानी पाइप खरिद | १ | २९,०००/- | ९२३ |
| २. | छिर्कने जौबारी मार्ग मर्मत | १ | १,५,०००/- | विपद् |
| ३. | कृष्ण बहादुर दर्जी, घर आगलागी | २ | २५,०००/- | विपद् |
| ४. | गुरुङ्ग पुरोहित यजमान तालिम | ३ | ४०,०००/- | २४६ |
| ५. | कृष्ण द्वैपयन जेष्ठ नागरिक सत्ङ्ग | ३ | ५०,०००/- | १९७ |
| ६. | जिल्ला अदालत तनहुँ फर्निचर सहयोग | ३ | १,५०,०००/- | ९२२ |
| ७. | सिर्जनशिल दिदी-बहिनी महिला सशक्तिकरण तालिम | ४ | ५०,०००/- | २१८ |
| ८. | राष्ट्रिय परोपकार आश्रम व्यवस्थापन | ५ | १,००,०००/- | १९७ |
| ९. | वेदव्यास जेष्ठ नागरिक आश्रम व्यवस्थापन | ५ | १,००,०००/- | १९७ |

| | | | | |
|---|---|---|---|---|
| १०. | रानीटारी आधारभुत स्वास्थ्य कार्यालय मर्मत | ५ | ३,००,०००/- | ९१४ |
| ११. | नगर प्रहरी कृष्ण बहादुर दरै उपचार खर्च | ५ | ३०,०००/- | ५३ |
| १२. | चिन्टुटार दुग्ध उत्पादक सहकारी, एनलाइजर खरिद | ५ | १,००,०००/- | २५१ |
| १३. | गलेखामकोट मन्दिर सरसफाई सुरक्षा | ६ | १,००,०००/- | ३३ |
| १४. | सुसर्दिखोला बक्स पुल संरक्षण | ६ | ४,५०,०००/- | ८४६ |
| १५. | शिसाघाट प्रहरी कार्यालय छाना निर्माण | ६ | ६०,०००/- | ९२२ |
| १६. | रबुवा खानेपानी पाइप खरिद | ८ | २०,०००/- | ९२३ |
| १७. | एकल महिला निरा बोटे, घर निर्माण मर्मत | १० | १,००,०००/- | ९३५ |
| १८. | भेष बहादुर थापा, जीर्ण घर छाना मर्मत | ११ | २५,०००/- | ९३५ |
| १९. | तनहुँसुर चैतेदशैं मेला व्यवस्थापन | ११ | ४०,०००/- | २४६ |
| २०. | गोमा अधिकारी, अधिकारी कृषि तथा पशु फार्म चापकटर सहयोग | ११ | ३०,०००/- | ९३५ |
| २१. | शिवकालिका सडक पैह्रो सफाई | १२ | १३,४९९/- | विपद् |
| २२. | अपाङ्गता कार्यक्रम सहयोग | १२ | २०,०००/- | २०६ |
| २३. | सोम बहादुर आले, ४ वटा बाखा मरी राहत | १३ | २०,०००/- | विपद् |
| २४. | फोहोरमैला व्यवस्थापन क्षेत्र खानेपानी पाइप खरिद | १३ | ३४,८००/- | ९२३ |
| २५. | छाब्दी खानेपानी टंकी मर्मत | १४ | १,००,०००/- | ९२३ |
| २६. | रोट्याक्ट क्लव युवा क्षमता अभिवृद्धि राष्ट्रिय कायक्रम | | १,००,०००/- | २४४ |
| २७. | व्यास नगर शैक्षिक क्यालेण्डर छपाई | | १,००,०००/- | २२ |
| २८. | महिला जनप्रतिनिधि कानूनी साक्षरता नेतृत्व विकास महिला मानव अधिकार रक्षक सञ्जाल | | ८०,०००/- | २१८ |
| | जम्मा : | | २४,१७,२९९/- | |

निर्णय नं.२३: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा भुमी आयोग अन्तर्गत जग्गा नापी कार्यका लागि सर्भेक्षक कर्मचारी नियुक्ती गर्नुपर्ने भएकोले निम्नानुसार सर्भेक्षक पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी – संयोजक
२. कम्प्युटर अधिकृत (सातौं) श्री गोकर्णराज वाग्ले – सदस्य
३. ईन्जिनियर (सातौं) श्री अमृत के.सी. – सदस्य
४. अधिकृत (सातौं) श्री रामचन्द्र हड्खले – सदस्य- सचिव

निर्णय नं.२४: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्वास्थ्य सेवा तर्फका निम्न कर्मचारीहरुको सेवा करार सम्झौता गर्ने निर्णय गरियो ।

| सि.नं. | रो.नं. | उम्मेदवारको नाम | ठेगाना | पद | पारिश्रमिक |
|---|---|---|---|---|---|
| १ | १ | श्री शुभद्रा आचार्य | व्यास ३, तनहुँ | हेल्थ असिष्टेन्ट (सहायकपाँचौं) | २५,३००। |
| २ | १ | श्री नविना सापकोटा | व्यास १०, तनहुँ | स्टाफ नर्स (सहायक पाँचौं) | २५,३००। |
| ३ | २० | श्री बसन्त रिजाल | सिद्धलेख ६,धादिङ | अ.हे.व.(सहायकस्तर चौथो) | २४,१५०। |
| ४ | २९ | श्री इन्दु नेपाली | व्यास १, तनहुँ | अ.हे.व.(सहायकस्तर चौथो) | २४,१५०। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | १३ | श्री झरना दुरा | व्यास ६, तनहुँ | अ.न.मी. (सहायकस्तर चौथो) | २४,१५०। |
| ६ | २९ | श्री प्रगती सोती खनाल | व्यास ८, तनहुँ | अ.न.मी. (सहायकस्तर चौथो) | २४,१५०। |
| ७ | ३ | श्री रिता खनाल | व्यास ६, तनहुँ | कार्यालय सहयोगी (श्रेणीबिहिन) | १६,६७५। |

निर्णय नं.२५: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा ३१औं स्थापना दिवसका अवसरमा प्रकाशन गर्न गइरहेको पुस्तकको प्रकाशन मण्डलमा निम्नानुसार समिति तोक्ने निर्णय गरियो ।

१. संयोजक श्री काजीमान श्रेष्ठ - वडा अध्यक्ष व्यास १४
२. सदस्य श्री चन्द्रमाया परियार - कार्यपालिका सदस्य
३. सदस्य श्री गोकर्णराज वाग्ले - कम्प्युटर अधिकृत सातौं
४. सदस्य श्री विशाल पण्डित - सूचना प्रविधि अधिकृत छैटौं
५. सदस्य-सचिव श्री भेषराज तिवारी - अधिकृत छैटौं

निर्णय नं.२६: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत कार्यरत कर्मचारीहरुको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग ६ महिना बरावरको पारीश्रमिक नगरपालिकाबाट उपलब्ध गराउन प्रतिवद्धता दिने निर्णय गरियो ।